फोन नं. ०४४-५२०२६३
५२००२१
फ्याक्स: ५२००२१
Email: infodcmahottari@gov.np

# श्री महोत्तरी जिल्ला अदालत
## जलेश्वर

प.सं. :-

च.नं. :-

मितिः २०७७।५।३१

**महोत्तरी जिल्ला अदालतबाट मिति २०७७।६।१ देखि प्रवाह हुने सेवा सम्बन्धी सूचना**

कोरोना भाइरसको विश्वव्यापी महामारीको कारणबाट नेपाल सरकारले मिति २०७६।१२।११ देखि लागु गरेको वन्दावन्दी (Lockdown) को अवधि मिति २०७७।४।६ मा समाप्त भएकोले यस अदालतबाट प्रवाह हुने सेवालाई स्वास्थ्य सुरक्षाका मापदण्ड अवलम्बन गरी मिति २०७७।४।११ देखि सुचारु गरिएकोमा मिति २०७७।४।१६ देखि जिल्ला प्रशासन कार्यालय महोत्तरीले कोरोना भाईरसको नियन्त्रणका लागि निषेधाज्ञाको आदेश जारी गर्‍यो। जसको कारणबाट अदालतको नियमित सेवा संचालनमा अवरोध पुग्न गई यस अदालतको निर्णयानुसार सोही मितिबाट केही सिमित सेवा मात्र प्रवाह हुने व्यवस्था मिलाईएकोमा कोरोनाको महामारीको अवस्था कायमै रहेको र जिल्ला प्रशासन कार्यालय महोत्तरीले लागू गरेको निषेधाज्ञाको अवधि मिति २०७७।५।३१ सम्म कायम रहेको भए तापनि सेवाग्राहीको हितलाई ध्यानमा राखि यस अदालतको नियमित सेवाहरु सुरक्षित तथा सहज रुपमा प्रवाह गर्ने सम्बन्धमा मिति २०७७।५।३१ गते बसेको यस अदालतका माननीय जिल्ला न्यायाधीशहरु, जिल्ला सरकारी वकिल कार्यालय महोत्तरीका जिल्ला न्यायाधिवक्ता, नेपाल वार जिल्ला इकाई महोत्तरीका पदाधिकारीहरु, अदालतका अधिकृत कर्मचारीहरु तथा अन्य सरोकारवालाहरुको संयुक्त बैठकले गरेको निर्णय अनुसार यस अदालतबाट मिति २०७७।६।१ देखि देहाय बमोजिमको सेवा देहाय बमोजिम प्रवाह हुने गरी व्यवस्था मिलाईएको व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छः -

१. महोत्तरी जिल्ला अदालतबाट मिति २०७७।६।१ देखि देहायका सेवाहरु प्रवाह हुनेः-

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको निवेदन दर्ता र सुनुवाई,
- बालसुधार गृहमा रहेका बालवालिका अभिभावकले जिम्मा लिने सम्बन्धी निवेदन दर्ता र सुनुवाई,
- जरुरी पक्राउपूर्जीको समर्थन तथा पक्राउपूर्जी जारी गर्ने अनुमति प्रदान गर्ने कार्य,
- अनुसन्धान प्रयोजनका लागि कल विवरण प्राप्त गर्न अनुमति प्रदान गर्ने कार्य,
- फौजदारी मुद्दामा पक्राउ परेका व्यक्तिलाई मुद्दा अनुसन्धानका लागि हिरासतमा राख्न अनुमति दिने (म्याद थप), अभियोगपत्र दर्ता, अभियोगपत्र साथ उपस्थित गराईएका व्यक्तिको वयान लिने र थुनछेकको लागि सुनुवाई गर्ने तथा सो सम्बन्धी आदेश गर्ने कार्य,

फोन नं. ०४४-५२०२६३
५२००२१
फ्याक्स: ५२००२१
Email: infodcmahottari@gov.np

# श्री महोत्तरी जिल्ला अदालत
## जलेश्वर

प.सं. :-
च.नं. :-

- PCR गराएको प्रतिवेदन साथ अदालतबाट जारी भएको पक्राउ पूर्जी वा म्याद बमोजिम हाजिर हुने वा हाजिर गराईएको व्यक्तिको वयान लिने, थुनछेकको लागि सुनुवाई गर्ने र सो सम्बन्धी आदेश गर्ने कार्य,
- अभियोगपत्र साथ पेश भएका वा मुद्दा अन्तिम भई फिर्ता पाउने ठहरेका दशीको सामान फिर्ता सम्बन्धी कार्य,
- मुद्दामा प्रमाण वुझि अङ्ग पुगेका थुनुवामात्र भएको मुद्दाको सुनुवाई,
- मातहत निकायले गरेको आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमको निवेदन दर्ता र सुनुवाई,
- वन्दीप्रत्यक्षीकरण तथा निषेधाज्ञाको निवेदन दर्ता र सुनुवाई,
- स्वास्थ्य सुरक्षाका मापदण्ड अवलम्बन गरी तोकिएको संख्यामा फिरादपत्र दर्ता,
- स्वास्थ्य सुरक्षाका मापदण्ड अवलम्बन गरी सवै प्रकारको प्रतिउत्तरपत्र र पुनरावेदनपत्र दर्ता,
- सम्पत्ती रोक्का तथा फुकुवा सम्बन्धी निवेदन दर्ता र सुनुवाई,
- मिलापत्र, मुद्दा फिर्ता, डिसमिस तथा तामेली सम्बन्धी कारवाही,
- वादी प्रतिवादी जोडिई अंङ्ग पुगि सकेका देवानी र फौजदारी प्रकृतिका मुद्दाहरुको सनुवाई,
- मेलमिलाप केन्द्रबाट हुने मेलमिलाप सम्बन्धी कार्य र मेलमिलाप हुने गरी प्रतिवेदन साथ प्राप्त भएका मुद्दाको मिलापत्र सम्बन्धी कारवाही,
- फैसला कार्यान्वय सम्बन्धी निवेदन दर्ता र मिलापत्र तथा मेलमिलाप सम्बन्धी कार्य,
- प्रचलित कानून बमोजिम लिखत, आदेश वा फैसला संशोधन सम्बन्धी निवेदन दर्ता र सुनुवाई,
- मुद्दाका कुनै पक्ष तारेख लिन अदालतमा उपस्थित हुन आएमा स्वास्थ्य सुरक्षाका मापदण्ड अवलम्बन गरी तारेख तोक्ने सम्बन्धी कार्य,
- भिडभाड नहुने गरी विशेष प्रकृतिका निवेदनको दर्ता र सो सम्बन्धी कारवाही,
- यस अदालतबाट प्रवाह हुने अन्य सेवाहरुका सम्बन्धमा पछी थप निर्णय भए बमोजिम प्रवाह हुँदै जाने,
- यस वीचमा सर्वोच्च अदालत र उच्च अदालत जनकपुरबाट कुनै निर्देशन भई आएमा सोही बमोजिम सेवा प्रवाह हुने ।

स्रेस्तेदार

फोन नं. ०४४-५२०२६३
५२००२१
फ्याक्स: ५२००२१
Email: infodcmahottari@gov.np

# श्री महोत्तरी जिल्ला अदालत
## जलेश्वर

प.सं. :-
च.नं. :-

२. नेपाल सरकारले मिति २०७७।६।१ देखि नेपाल राज्य भर सार्वजनिक यातायातका साधनहरु स्वास्थ्य सुरक्षाका मापदण्ड अवलम्बन गरी चलाउन दिने निर्णय गरेको कुरा सार्वजनिक भएको र यस जिल्लामा कायम रहेको निषेधाज्ञाको अवधि समेत आज राती देखि समाप्त हुने भएको हुँदा सर्वोच्च अदालतबाट मिति २०७७।२।१५ मा "अदालतबाट प्रवाह हुने सेवा बन्द भएको मिति २०७६।१२।९ गते सम्म कुनै फिरादपत्र, अभियोगपत्र, प्रतिउत्तरपत्र दायर गर्न, प्रतिउत्तरपत्र सरहको वयान गर्न, पुनरावेदन वा निवेदन गर्न अदालतमा उपस्थित हुने हदम्याद वा म्याद बाँकी रहेको भई बन्दावन्दीको अवधिमा सो हदम्याद, म्याद वा यसवीचको तारेख गुज्रिएकाहरुको हकमा वन्दावन्दी खुलेको मितिले बाटोको म्याद वाहेक ३० दिभ भित्र फिराद, प्रतिउत्तर, अभियोगपत्र, प्रतिउत्तर सरहको वयान, पुनरावेदन वा निवेदन आदि दिन आएमा वा तारेखमा बस्न आएमा सोलाई हदम्याद वा म्याद भित्र दायर गर्न ल्याएको तथा तारेख नगुज्रिएको मानी अरु कुराको रीत पुगेको भएमा कारवाही र सुनुवाई गर्ने" भन्ने समेत व्यहोराको आदेश भएको र सो आदेशमा "कुनै गाउँ वा नगरपालिका वा जिल्लामा वा देशभर बन्दाबन्दी खुलेकोमा पुन सो ठाँउमा ३० दिन भित्र बन्दाबन्दी लागु गरियो भने पहिले देखि नै निरन्तर बन्दाबन्दी कायम रहेको सहर मानेर यो आदेश बमोजिमको सुविधा अनुसाँगिक रुपमा प्रदान गरिनेछ" भन्ने समेत व्यहोरा उल्लेख भएको बमोजिम हदम्याद, म्याद र तारेखको प्रयोजनका लागि मिति २०७७।६।१ देखि ३० दिनको अवधि लागु हुने व्यवस्था गरी सो अवधिमा फिरादपत्र, प्रतिउत्तरपत्र, अभियोगपत्र, प्रतिउत्तरपत्र सरहको वयान, पुनरावेदनपत्र वा निवेदनपत्र आदि दिन ल्याएमा वा तारेखमा बस्न आएमा सोलाई हदम्याद वा म्याद भित्र दायर गर्न ल्याएको तथा तारेख नगुज्रिएको मानी अरु कुराको रीत पुगेको भएमा कारवाही र सुनुवाई गर्ने ।

३. यस अदालतबाट सेवा प्रवाह गर्दा देहायका स्वास्थ्य सुरक्षाका मापदण्डहरु अवलम्बन गर्ने:

- प्रत्येक फाँटका लागि दैनिक ४० जनामा नवढने गरी सेवाग्रही उपस्थित हुने गरी पहिला आउनेले पहिलो प्रथामिकता पाउने गरी टोकन प्रणाली लागु गर्ने,

फोन नं. ०४४-५२०२६३
५२००२१
फ्याक्स: ५२००२१
Email: infodcmahottari@gov.np

# श्री महोत्तरी जिल्ला अदालत
## जलेश्वर

प.सं. :-
च.नं. :-

- मुद्दाका पक्ष अन्य सरोकारवाला कानून व्यवसायी र अदालतका कर्मचारीलाई मात्र अदालतमा प्रवेश अनुमति दिने,
- अदालतमा प्रवेश गर्दा अनिवार्य रुपमा तारेख पर्चा वा मुद्दाको निस्सा साथमा लिएको हुनु पर्ने,
- दैनिक १० वटा सम्म फिरादपत्र दर्ताको व्यवस्था मिलाउने सो प्रयोजनका लागि पहिला आउनेले पहिलो प्रथामिकता पाउने गरी टोकन प्रणाली लागु गर्ने,
- प्रतिउत्तरपत्र, पुनरावेदनपत्र तथा मुद्दासंग सम्बन्धित विषयका निवेदनपत्र जति पनि दर्ता गर्न सकिने,
- कानून व्यवसायी लगायत सेवाग्रहीहरु र अन्य सरोकारवाला व्यक्तिहरुले अदालत परिसर भित्र प्रवेश गर्दा र रहँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्नु पर्ने,
- कानून व्यवसायी लगायत सेवाग्रहीहरु र अन्य सरोकारवाला व्यक्तिहरुले अदालत परिसरमा अनिवार्य रुपमा २ मिटरको भौतिक दुरी कायम गर्नु पर्ने,
- कोभिड - १९ को शंकास्पद संक्रमितलाई अदालत प्रवेशमा अनुमति नदिईने । यसको परीक्षणका लागि प्रवेशद्वारमा थर्मल गन द्वारा तापक्रम मापन गरिने,
- सेवा लिई सकेका सेवाग्राहीहरुलाई तत्कालै अदालत परिसरबाट वाहिर पठाईने,
- कानून व्यवसायी लगायत सेवाग्रहीहरु र अन्य सरोकारवाला व्यक्तिहरुले सम्बन्धित फाँटबाट सेवा लिँदा अनिवार्य रुपमा सम्बन्धित काउन्टरबाट सेवा लिने र सम्बन्धित फाँट रहेको कोठामा सवैका लागि प्रवेश निषेध गर्ने,
- स्वास्थ्य सुरक्षा कायम गराउन अदालत प्रशासनले आवश्यक व्यवस्थापकीय कार्य गर्ने,
- यो विषम परिस्थितिमा अदालतबाट स्वास्थ्य सुरक्षालाई ध्यानमा राखि गरिएका काम कारवाहीहरुमा कानून व्यवसायी लगायत सेवाग्रहीहरु र अन्य सरोकारवाला व्यक्तिहरुले सहयोग र साथ दिने।

फोन नं. ०४४-५२०२६३
५२००२१
फ्याक्स: ५२००२१
Email: infodcmahottari@gov.np

# श्री महोत्तरी जिल्ला अदालत
## जलेश्वर

प.सं. :-
च.नं. :-

४. अदालत प्रशासनबाट हुने स्वास्थ्य सुरक्षा सम्बन्धी आन्तरिक व्यवस्थापन देहाय बमोजिम हुनेछ: -

- मुद्दा शाखाका प्रत्येक फाँट र तहसिल शाखामा दैनिक ४० जना सेवाग्राही भन्दा वढी उपस्थित हुन नपाउने गरी पहिला आउनेले पहिलो प्रथामिकता पाउने गरी टोकन प्रणाली लागु गर्ने,
- टोकन वितरणका लागि अदालत प्रवेशद्वारमा एक जना कर्मचारी खटाउने,
- टोकन प्राप्त गर्न तारेख पर्चा वा मुद्दाको निस्सा अनिवार्य रुपमा देखाउनु पर्ने व्यवस्था गर्ने,
- टोकन प्राप्त व्यक्तिले सम्बन्धित फाँटबाट सेवा प्राप्त गर्दा आफू भन्दा अगाडिको नम्बरको टोकनवाला व्यक्तिले सेवा प्राप्त गरी काउन्टरवाट निस्केपछी मात्र सम्बन्धित काउन्टरमा गई टोकन वुझाई सेवा लिनु पर्ने र त्यसअघि प्रतिक्षालयमा भौतिक दुरी कायम गरी प्रतिक्षा गर्नु पर्ने गरी व्यवस्था मिलाउने,
- टोकन प्राप्त व्यक्तिले अदालत परिसरमा प्रवेश गर्दा अनिवार्य रुपमा मास्कको प्रयोग गरेको हुनु पर्ने,
- टोकन प्राप्त व्यक्ति अदालत परिसरमा प्रवेश गर्नासाथ निजलाई थर्मलगन द्वारा ज्वरो नाप्ने व्यवस्था मिलाउने र उच्च तापक्रम भएका वा सम्भावित संक्रमित देखिएका व्यक्तिलाई अदालत परिसरमा प्रवेश गर्न नदिने व्यवस्था मिलाउने,
- अदालत परिसरमा सम्बन्धित सरोकारवाला सेवा ग्राही, कानून व्यवसायी, मुद्दाका पक्ष र अदालतका कर्मचारीले मात्र प्रवेश पाउने गरी आवश्यक व्यवस्था मिलाउने,
- कर्मचारीहरु र सेवाग्राहीले प्रयोग गर्ने गरी प्रत्येक फाँटमा सेनिटाईजरको व्यवस्था गरी सेवाग्राहीलाई सेवा प्रदान गर्नु अगाडि सम्बन्धित कर्मचारीले निज सेवाग्राहीलाई सेनिटाईजर हातमा दिई हात सफा गर्न लगाएरमात्र सेवा प्रदान गर्नआवश्यक व्यवस्था मिलाउने,
- शौचालय, अदालत परिसर, इजलास, फाँट तथा कर्मचारीहरुको कार्यकक्षलाई नियमित रुपमा सरफाई गरी डिसइन्फेक्टेड गर्ने आवश्यक व्यवस्था मिलाउने,

फोन नं. ०४४-५२०२६३
५२००२१
फ्याक्स: ५२००२१
Email: infodcmahottari@gov.np

# श्री महोत्तरी जिल्ला अदालत

जलेश्वर

प.सं. :-

च.नं. :-

- दैनिक रुपमा १० वटा सम्म फिरादपत्र दर्ता गर्ने प्रयोजनका लागि पहिला आउनेले पहिलो प्रथामिकता पाउने गरी टोकन प्रणाली लागु गर्ने र प्रतिउत्तरपत्र, पुनरावेदनपत्र तथा मुद्दासंग सम्बन्धित विषयका निवेदनपत्र जति पनि दर्ता गर्न सकिने आवश्यक व्यवस्था मिलाउने,
- अदालत प्रवेशको नियमन, थर्मलगनको प्रयोग, टोकन वितरण, टोकन अनुसारको पालोको पुकार, प्रतिक्षालयको व्यवस्थापन, फाँटमा जान सहजिकरण लगायतका कार्यका लागि सुरक्षाकर्मी लगायतको जनशक्तिको आवश्यक प्रवन्ध मिलाउने,
- उपरोक्त बमोजिमको कार्यको नियमित अनुगमन र निगरानी तथा प्रतिवेदनका लागि एक जना छुट्टै कर्मचारीको आवश्यक व्यवस्था गर्ने,
- अदालतमा प्रवेश गर्ने प्रत्येक व्यक्तिले अनिवार्य रुपमा २ मिटरको भौतिक दुरी कार्य गर्ने आवश्यक व्यवस्था मिलाउने र सम्भव भए सम्म अदालत हाताभित्र सावुन पानीले हात धुने आवश्यक व्यवस्था मिलाउने,
- सरोकारवाला, मुद्दाका पक्ष र कानून व्यवसायीले समेत सम्बन्धित काउन्टरबाटै सेवा लिने गरी सम्बन्धित फाँट रहेका कोठामा अनुमति वेगर प्रवेश नपाउने गरी आवश्यक व्यवस्था मिलाउने,
- सरोकारवाला, मुद्दाका पक्ष र कानून व्यवसायी समेतले स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्ने गराउने अदालत प्रशासनको कार्यमा हरतरहले सहयोग र सहजिकरण गर्ने,
- अदालत प्रशासनले स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्न गराउनका लागि अन्य आवश्यक उपाय अवलम्बन गर्न सक्ने ।